## कार्यपालिका वैठक नं.३, आ.व.२०८१- ०८२ (२०८१/०६/०८

आज मिति २०८१/०६/०८ गतेका दिन बिहान ०८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | वसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विष्णु प्रसाद शर्मा | |
| १६ | आमन्त्रित सदस्य | मिनशोभा गुरुङ | |
| १७ | प्रशा. सहायक | अपेक्षा श्रेष्ठ गुरुङ | |
| १८ | का. सहयोगी | विमला ढकाल | |

**कार्यपालिका वैठक नं.३, आ.व.२०८१- ०८२ (२०८१/०६/०८ का प्रस्तावहरु :**

१. समिक्षा सम्वन्धमा ।

२. भुक्तानी सम्वन्धमा ।

३. छात्रवृत्ति वितरण सम्वन्धमा ।

४. योजना कार्यक्रम सम्वन्धमा ।

५. रकमान्तर तथा योजना संशोधन सम्वन्धमा ।

६. कर्मचारी अतिरिक्त सुविधा सम्वन्धमा ।

७. विपद व्यवस्थापन सम्वन्धमा ।

८. बजेट माग सम्वन्धमा ।

९. विविध सम्वन्धमा ।

**कार्यपालिका वैठक नं.३, आ.व.२०८१- ०८२ (२०८१/०६/०८ का निर्णयहरु :**

**निर्णय नं. १ : समिक्षा सम्बन्धमा ।**

क) अघिल्लो कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल तथा समीक्षा गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत वडा कार्यालयहरु, शाखाहरु,आँबुखैरेनी अस्पताल, स्वास्थ्य सँस्थाहरुवाट पेश हुन आएको भदौ महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

ग) प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको भदौ महिनाको आम्दानी खर्च प्रतिवेदन (सुत्र अनुसार) उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

**२. भुक्तानी सम्बन्धमा ।**

**क) सवारी मर्मत (ग.१.भ.२८१) खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको ग.१.भ.२८१ नम्बरको पिकअप कार्यालयको स्वीकृत मर्मत आदेश बमोजिम मर्मत गरेबापतको जम्मा रकम रु.४,१३,६३७/-(अक्षररुपी चार लाख तेह्र हजार छ सय सैंतिस रुपैंया मात्र ।) भुक्तानीको लागि श्री राइजिङ स्टार अटो मोबाइल्स, पोखरा कास्कीबाट निवेदनत पेश भएकोमा उक्त निवेदन उपर छलफल गरि कार्यपालिकाको स्वीकृत खर्च सवारी साधन मर्मत खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

Scanned with CamScanner

**ख) सवारी मर्मत (ग.१.झ.३६१) खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको ग.१.झ.३६१ नम्बरको स्कारपियो कार्यालयको स्वीकृत मर्मत आदेश बमोजिम मर्मत गरेबापतको जम्मा रकम रु.३,४९,७३५/-(अक्षररुपी तिन लाख उनान्पचास हजार सात सय पैंतिस रुपैंया मात्र ।) भुक्तानीको लागि श्री राइजिङ स्टार अटो मोबाइल्स, पोखरा कास्कीबाट निवेदनत पेश भएकोमा उक्त निवेदन उपर छलफल गरि कार्यपालिकाको स्वीकृत खर्च सवारी साधन मर्मत खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**ग) सवारी मर्मत (ग.१.झ.६०८) खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको ग.१.झ.६०८ नम्बरको एम्बुलेन्स कार्यालयको स्वीकृत मर्मत आदेश बमोजिम मर्मत गरेबापतको जम्मा रकम रु.९४,५४९/-(अक्षररुपी चौरानब्वे हजार पाँच सय उनान्पचास रुपैंया मात्र ।) भुक्तानीको लागि न्यू लामा अटो वर्कशप, आँबुखैरेनी तनहुँबाट निवेदन पेश भएकोमा उक्त निवेदन उपर छलफल गरि कार्यपालिकाको स्वीकृत खर्च सवारी साधन मर्मत खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**घ) इन्धन खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका कार्यालयमा रहेको गाउँपालिका भित्रको फोहोर संकलन, आँबुखैरेनी अस्पताल प्रयोजनार्थ एम्बुलेन्स सञ्चालन तथा कार्यालयको कामकाजको लागि विभिन्न मितिमा जनप्रतिनिधी तथा कर्मचारीहरुलाई विभिन्न स्थानहरुमा जाने प्रयोजनको लागि प्रयोग गरेवापत पालिकाको सवारी साधनमा प्रयोग गरेका इन्धन उपलब्ध गराए वापतको भदौ महिनामा जम्मा खर्च रकम रु.३,१०,२२९/- (अक्षररुपी तिन लाख दश हजार दुइ सय उनन्तीस रुपैंया मात्र ।)भुक्तानीको लागि श्री अकला देवि टेड्र्स, आँबुखैरेनी १ बाट पेश भएको निवेदन उपर छलफल गरि तपशिल बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल :**

| क्र.सं. | खर्च शिर्षक | रकम |
|---|---|---|
| १. | इन्धन एम्वुलेन्स | ४६,४५३/- |
| २. | ईन्धन फोहोरमैला व्यवस्थापन | ४६,२००/- |
| ३. | ईन्धन कार्यालय प्रयोजन | २,०३,३७१/- |
| ४. | मसलन्द तथा कार्यालय सामग्री विविध र मर्मत वडा नं. ५ | ११,०५५/- |
| ५. | मसलन्द तथा कार्यालय सामग्री विविध र मर्मत वडा नं. ३ | ३,१५०/- |

**ङ) सवारी साधन भाडा रकम भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको निर्णय वमोजिम कार्यालय प्रयोजनको लागि आँबुखैरेनी २ निवासी शंकर थापा क्षेत्रीको बा.२०.च.२९८५ नम्बरको फोरव्हील पिकअप गाडि भाडामा लिएबापत यस आर्थिक वर्ष ०८१/८२ को श्रावण महिनादेखि असोज महिनासम्म गरि जम्मा ३ महिनाको सम्झौता बमोजिमको जम्मा रकम रु.३,६०,०००/-(अक्षररुपी तिन लाख साठी हजार रुपैंया मात्र ।) गाउँकार्यपालिकाको स्वीकृत सवारी साधन तथा मेशिनर औजार भाडा खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

Scanned with CamScanner

**७) विपद व्यवस्थापन सम्बन्धमा ।**

क) अध्ययन, स्वास्थ्य परिक्षण, पेशा-व्यवसाय आदि को कारण काठमाण्डौमा रहभएका यस आँबुखैरेनी गाउँपालिकाका नागरिकहरु यहि असोज महिनामा परेको अविरल वर्षाको कारण देशभर विभिन्न सडक तथा भौतिक संरचनाहरुमा क्षति पुगी सडक अवरुद्ध हुनु साथै नजिकिदो चाडवाडको समयमा चर्को भाडादर जस्ता विभिन्न समस्याको कारण आँवुखैरेनी आउन समस्या भएकोले सुरक्षित यातायातको व्यवस्थापनको लागि आँबुखैरेनी समाज काठमाण्डौद्धारा अनुरोध भई आएकोले नजिकिदो चाडवाडको अवस्थामा पालिकाका नागरिकहरुलाई सुरक्षित यात्राको लागि गाउँकार्यपालिकाको स्वीकृत प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने गरि निशुल्क वस उपलव्ध गराउने निर्णय गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका वडा नं. ३ निवासी टेक वहादुर खवासले अविरल परेको वर्षाको कारण निज बसोबास गर्दै आउनुभएको घरमा क्षति पुगी बस्नको लागि जोखिमयुक्त भएको साथै घर मर्मत तथा पुर्ननिर्माणको लागि आर्थिक अवस्था कमजोर भएको कारण नसकेको हुँदा घर निर्माणमा सहयोग गरिदिन पेश भएको निवेदन उपर छलफल गरी प्राविधिक निजको घर निर्माणको लागि गाउँकार्यपालिकाको स्वीकृत प्रकोप व्यवस्थापन कोषबाट खर्च हुनेगरि जम्मा रु.१,००,०००/-(अक्षररुपी एक लाख रुपैंया मात्र ।) विनियोजन गर्ने निर्णय गरियो ।

**८) बजेट माग सम्बन्धमा ।**

यस आँवुखैरेनी गाउँपालिकाको १५ औं गाउँसभाले यस आँवुखैरेनी गाउँपालिका वडा नं. ५ भकुण्डीमा रहेको छिम्केश्वरी स्वास्थ्य चौकीको न.नं.३/क, कि.नं.३३ को करिव ४ रोपनी सरकारी जग्गा र आँबुखैरेनी गाउँपालिका वडा नं. ६ को देउराली स्वास्थ्य चौकीको आफ्नै स्वामित्वमा रहेको साविक हिलेखर्क न.नं.६/ख, कि.नं.४३० क्षेत्रफल ३ रोपनी जग्गामा स्वास्थ्य चौकी निर्माण गर्ने भनि निर्णय गरेको हुँदा सोहि निर्णय बमोजिम स्वास्थ्य चौकी निर्माण गर्नको लागि नेपाल सरकारको स्वीकृत मापदण्ड अनुसार भवन निर्माण हुनेगरि स्वास्थ्य तथा जनसँख्या मन्त्रालसँग आवश्यक वजेट माग गर्ने निर्णय गरियो ।

**९) रकमान्तर तथा भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं. ३ स्थित आँबुखैरेनी क्याम्पसमा रंगरोगन कार्यको लागि प्राविधिक स्टिमेट वमोजिम जम्मा रु.८,६७,२९०/-(अक्षररुपी आठ लाख सतसट्ठी हजार दुई सय नव्वे रुपैंया मात्र ।) को विल भरपाई पेश भएको तर सो को लागि बजेटमा शिर्षक नभएकोले हाललाई सो रकम लाब्दी घुमाउने सडकबाट भुक्तानी दिने निर्णय गरीयो र अनुमोदनको लागि हिउँदे सभामा पेश गर्ने निर्णय गरीयो । साथै सो लाब्दी घुमाउने शिर्षकमा छुट्याइएको ७०,००,०००/-(अक्षररुपी सत्तरी लाख रुपैंया मात्र ।) योजना सम्पन्न गर्नको लागि वजेट अपुग भएमा अन्य शिर्षकवाट रकमान्तर गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner

**३. छात्रवृत्ति सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं. ६ स्थित पुर्लुङ निवासी रुद्र बहादुर भुजेलको नातीनी, गिर बहादुर भुजेलको छोरी सिर्जना भुजेल हाल बन्दिपुर टेक्निकल इन्स्टिच्युट, बन्दिपुर तनहुँमा PCL in general medicina (HA)विषय लिई प्रथम विषयमा अध्ययन गरिरहेकोमा निजको घरको आर्थिक अवस्था कमजोर भएको कारण पढाईमा समस्या भएकोले छात्रवृत्ति उपलब्ध गराईदिन भनि पेश भएको निवेदन उपर छलफल गरि निजलाई अध्यापनमा सहयोग पुर्याउने उदेश्यले गाउँकार्यपालिकाको स्वीकृत एम.वि.वि.एस./पि.एच.डी./प्लान्ट साइन्स र विपन्न तथा जेहेन्दार विद्यार्थिहरुलाई छात्रवृत्ति प्रदान कार्यक्रम खर्च शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**४) योजना कार्यक्रम सम्बन्धमा ।**

क) यस आँबुखैरेनी गाउँपालिका वडा नं. ३ स्थित मर्स्याङ्दी युथ क्लवद्धारा प्रथम युनाइटेड खैरेनी फुटसल कप २०८१ सञ्चालन गर्नको आवश्यक बजेट व्यवस्थापन गरिदिन भनि पेश भएको निवेदन उपर छलफल गरि उक्त खेल सञ्चालन गर्नको लागि गाउँकार्यपालिकाको स्वीकृत युवा तथा खेलकुद, अध्यक्ष कप शिर्षकवाट भुक्तानी हुनेगरि जम्मा रु.२५,०००/-(अक्षररुपी पच्चीस हजार रुपैंया मात्र ।) विनियोजन गर्ने निर्णय गरियो ।

ख) आँबुखैरेनी क्याम्पस, आँबुखैरेनी ३ तनहुँको भवनमा रंगरोगन कार्यको लागि वजेट माग भएकोले गाउँकार्यपालिकाको स्वीकृत क्याम्पस अनुदान खर्च शिर्षकवाटभुक्तानी हुनेगरि जम्मा रु.८,००,०००/-( अक्षररुपी आठ लाख रुपैंया मात्र ।) बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**५) रकमान्तर तथा योजना संशोधन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको पर्यटकीय स्थल ऐनापहरामा अघिल्लो आर्थिक वर्षको स्वीकृत नीति तथा कार्यक्रम वमोजिम फाइवर हात्ती निर्माण गरिएकोमा भुलवश उक्त योजनालाई कच्चावारीमा समावेश गर्न छुट भएकोले उक्त शिर्षकमा रकम विनियोजन भएको नपाईएकोले पालिकाको स्वीकृत पौवा गाउँ निवासी चन्द्र वहादुरको घरमुनी रिटेनिङ वाल निर्माण खर्च शिर्षकवाट रकमान्तर गरि जम्मा रु.९२,०००/-(अक्षररुपी वयानब्बे हजार रुपैंया मात्र ।) ऐनापहरामा हात्तिको फाइवर मुर्ति निर्माण योजनाको भुक्तानी दिने निर्णय गरियो ।

**६) कर्मचारी अतिरिक्त सुविधा सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका नगर प्रहरी पदमा कार्यरत कर्मचारीद्वय अमर गुरुङ र अमर अस्लामि मगरलाई अर्को व्यवस्था नभईन्जेल सम्मको लागि गाउँपालिकाको कार्यालय साथसाथै पालिकाको पर्यटकीय स्थल ऐनापहराको सुरक्षा व्यवस्थापनको पनि जिम्मेवारी दिएको हुँदा सो बमोजिम उनीहरुले २४ सै घण्टा कार्यालय कामकाजमा खटिनुपर्ने भएकोले उनीहरुलाई श्रावण महिनादेखि लागु हुनेगरि ( ऐनापहरा मा टिकट सुरु भएदेखि) मासिक रु.प्रतिव्यक्ति रु.८,०००/-(अक्षररुपी आठ हजार रुपैंया मात्र ।) का दरले अतिरिक्त सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

साथै हिन्दु धर्मावलम्वीहरुको महान पर्व वडादशैको अवसरमा सम्पुर्ण सरकारी कार्यालयहरुमा सार्वजनिक विदा हुने हुँदा उक्त विदाको अवधिमा पनि ऐनापहरामा पर्यटकको आगमनलाई मध्यनजर गरी टिकट काउन्टर खुला गर्नुपर्ने भएको हुँदा सो विदाको अवसरमा ऐनापहरामा खटिने कर्मचारी र कार्यालय सुरक्षाको लागि खटिने कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको न्युनतम श्रमिक ज्यालादर रु.६७५/-(दैनिक)उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner